# पूर्व मूलबीउआलु उत्पादनका लागि टिस्युकल्चर प्रयोगशाला स्थापना र संचालन
# तथा
# टिस्युकल्चर प्रयोगशाला र स्क्रीन हाउस सुदृढीकरण गर्न निजी क्षेत्रलाई अनुदान उपलब्धगराउने सम्बन्धी कार्यविधि, २०७३

नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि बिभाग
तरकारी विकास निर्देशनालय
राष्ट्रिय आलुबाली विकास कार्यक्रम, खुमलटार

# पूर्व मूलबीउआलु उत्पादनका लागि टिस्युकल्चर प्रयोगशाला स्थापना र संचालन गर्न तथा टिस्युकल्चर प्रयोगशाला र स्कीन हाउस सुदृढीकरण गर्न निजी क्षेत्रलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७३

**प्रस्तावना**

नेपालमा करीव २ लाख हेक्टर क्षेत्रफलमा खेती हुने आलुबालीका लागि ४ लाख टन गुणस्तरीय  बीउआलु आवश्यक पर्दछ । कृषकहरुले बर्षेनी एउटै बीउ प्रयोग गरीरहदा त्यसमा गुणस्तर घट्दै जाने हुनाले नियमित रुपमा टिस्युकल्चर प्रबिधिबाट बीउ बृद्धिगरी निरोगी बीउआलु उत्पादन गर्नु पर्दछ । यसरी उत्पादित पूर्वमूल बीउआलुबाट कम्तिमा पनि ३ पुस्ता सम्म वीउबृद्धि गर्ने कार्य सरकारी फार्म र बीउ उत्पादक कृषक समूह मार्फत उत्पादन गराई कृषकहरुलाई बितरण गर्न सके आलु बालीको उत्पादकत्वमा उल्लेखनीय बृद्धि ल्याउन सकिन्छ । हाल न्यून मात्रामा मात्र पूर्व मूल बीउआलु (२ देखि ३ लाख मात्र) उत्पादन भैरहेको तर आलु खेती गरिने जग्गामा उन्नत बीउले ढाक्दा करीब २० लाख दाना पूर्व मूल बीउआलुको आवश्यक पर्दछ । आ.व. २०७३/०७४ को वार्षिक स्वीकृत कार्यक्रममा **पूर्व मूलबीउआलु उत्पादनका लागि टिस्युकल्चर प्रयोगशाला स्थापना गर्न निजी क्षेत्रलाई अनुदान उपलब्ध गराउने** तथा **टिस्युकल्चर प्रयोगशाला र स्कीन हाउस सुदृढीकरण गर्न निजी क्षेत्रलाई अनुदान उपलब्ध गराउने** कार्यक्रम रहेकोले उक्त कार्यक्रमहरु कार्यान्वयन गर्न र भबिष्यमा पनि यस्ता कार्यक्रम गर्ने व्यवस्थालाई पारदर्शी तथा प्रभावकारीबनाउन बान्छनीय भएकाले **पूर्व मूल बीउआलु उत्पादनका लागि टिस्युकल्चर प्रयोगशाला स्थापना र संचालन गर्न** तथा **टिस्युकल्चर प्रयोगशाला र स्कीन हाउस सुदृढीकरण गर्न निजी क्षेत्रलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७३** स्वीकृतगरी लागु गरिएको छ।

परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम **पूर्व मूल बीउआलु उत्पादनका लागि टिस्युकल्चर प्रयोगशाला स्थापना र संचालन गर्न** तथा **टिस्युकल्चर प्रयोगशाला र स्कीन हाउस सुदृढीकरण गर्न निजी क्षेत्रलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि,२०७३** हुनेछ ।

(ख) यो कार्यविधि नेपाल सरकारबाट स्वीकृत भएपछि तुरुन्त लागू हुनेछ ।

**२. कार्यविधि लागु हुने क्षेत्र :**

यो कार्यविधि नेपाल भर लागु हुनेछ ।

**३. परिभाषा :**

(क) "उद्यमी" भन्नाले यस कार्यविधि अनुरुप नेपाल सरकारबाट टिस्युकल्चर प्रयोगशाला स्थापना र संचालन गर्न तथा टिस्युकल्चर प्रयोगशाला र स्कीन हाउस सुदृढीकरण गर्नका लागि पाउने अनुदान लिने उद्देश्यले आवेदन दिने निजी कम्पनी सम्झनुपर्दछ ।

(ख) "प्रस्ताव " भन्नाले उद्यमीले टिस्युकल्चर प्रयोगशाला स्थापना र संचालन गर्न तथा टिस्युकल्चर प्रयोगशाला र स्कीन हाउस सुदृढीकरण गर्नका लागि अनुदान पाउन पेश गरेको आवेदनको विवरण सम्झनुपर्दछ ।

(ग) "अनुदान" भन्नाले यस कार्यविधि अनुरुप सहयोग पुऱ्याउन उपलब्ध गराईने नगद अनुदान रकम सम्झनुपर्दछ ।

(घ) "कार्यक्रम" भन्नाले राष्ट्रिय आलु बाली विकास कार्यक्रम सम्झनुपर्दछ ।

(ङ) "निजी कम्पनी" भन्नाले निजी क्षेत्रका व्यवसायीबाट कम्पनी रजिस्टारको कार्यालयमा दर्ता भएको कम्पनी भन्ने बुझ्नु पर्दछ । यस शब्दले घरेलु तथा साना उद्योग विभाग वा अन्तर्गतका निकायमा दर्ता भएको उद्योग समेतलाई जनाउँदछ ।

(च) "पूर्व मूल बीउआलु" भन्नाले टिस्युकल्चर प्रविधिवाट तयार गरिएको बीरुवाहरुवाट स्कीन हाउसमा उत्पादन गरिएका रोगमुक्त  आलुदानाहरुलाई जनाउँदछ ।

(छ) "टिस्युकल्चर प्रयोगशाला" भन्नाले टिस्युकल्चर प्रविधिको उपयोग गर्ने प्रयोगशालालाई जनाउँदछ ।

(ज) "स्कीन हाउस " भन्नाले टिस्युकल्चर प्रविधिवाट तयार गरिएको बीरुवाहरु लगाई पूर्व मूलबीउआलु उत्पादन गर्ने लाहीकिरा मुक्त जालीघरलाई जनाउँदछ ।

(ञ) "टिस्युकल्चर प्रयोगशाला तथा स्कीन हाउस सुदृढिकरण" भन्नाले प्रयोगशालामा आबश्यक थप मेशिनरी खरीद र स्थापना एवं प्रयोगशाला मर्मत, थप स्कीन हाउस निर्माण वा पुरानो स्कीन हाउस मर्मत भन्ने बुझाउछ ।

(ट) "निर्देशक समिति" भन्नाले परिच्छेद २ को दफा ७ अनुसार गठित समिति सम्झनु पर्दछ ।

(ठ) "मुल्याकंन एवं प्राबिधिक समिति" भन्नाले परिच्छेद २ को दफा ८(ङ) अनुसार गठित समिति सम्झनु पर्दछ ।

## ४. कार्यविधिको उद्देश्य:

(क) टिस्युकल्चर प्रयोगशाला स्थापना र संचालन गर्न तथा टिस्युकल्चर प्रयोगशाला तथा स्कीन हाउस सुदृढिकरण गर्न सहयोग गर्ने ।

(ख) गुणस्तरीय पूर्व मूल बीउआलु (Pre-basic seed) उत्पादन गर्न निजी क्षेत्रलाई सक्षम बनाउने ।

(ग) गुणस्तरीय बीउआलुको प्रयोग बिस्तार गरी आलुबालीको उत्पादकत्व बढाउने ।

# परिच्छेद २

# कार्यक्रम संचालन सम्वन्धि

## ५. सूचना प्रकाशन तथा प्रस्ताव पेश गर्ने :

(क) यस कार्यविधि अनुरुप संभाव्य र आवश्यक क्षेत्रहरुमा टिस्युकल्चर प्रयोगशाला स्थापना र संचालन र टिस्युकल्चर प्रयोगशाला तथा स्कीन हाउस सुदृढिकरण गर्ने कार्यमा सरकारका तर्फबाट सहयोग पुर्‍याउन अनुदान दिने उद्देश्यले कार्यक्रमले कम्तिमा ३० दिनको म्याद दिई राष्ट्रिय पत्रिका मार्फत अनुसुची २ अनुसारको सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नेछ ।

(ख) उपदफा (क) बमोजिम सूचना प्रकाशन भए अनुरुप उद्यमीले दफा ६ बमोजिमका सबै प्रमाण संलग्न गरी अनुसुची ३ बमोजिमको आवेदन राष्ट्रिय आलुवाली विकास कार्यक्रम वा सम्वन्धित जिल्ला कृषि विकास कार्यालयमा प्रस्ताव पेश गर्न वा दर्ता गर्न सक्नेछन् ।

## ६. आवेदन दिन आवश्यक योग्यता:

यस कार्यविधि अनुरुप कार्यका लागि देहाय बमोजिमका सवै योग्यता पुगेका उद्यमीहरुले अनुसुचि ३ अनुसार आवेदन दिन सक्नेछन् ।

(क) आवेदकको कम्पनी कानुन बमोजिम दर्ता भई स्थायी लेखा नम्बर लिएको ।

(ख) टिस्युकल्चर प्रयोगशाला स्थापना गरी संचालन गर्न र स्कीन हाउसमा पूर्व मूल बीउआलु उत्पादन गर्न संभाव्य स्थानमा आफनै स्वामित्वमा कम्तीमा २ रोपनी जग्गाको व्यवस्था भएको वा निर्मित भवनमा टिस्युकल्चर प्रयोगशाला स्थापना र संचालन गर्न सकिने अवस्था रहेको ।

(ग) टिस्युकल्चर प्रयोगशाला तथा स्कीन हाउस सुदृढिकरण कार्यको हकमा टिस्युकल्चर प्रयोगशाला स्थापना र संचालन गरी स्कीन हाउसमा पूर्व मूल बीउआलु उत्पादन गरी रहेको/गरीसकेको ।

(घ) मान्यता प्राप्त प्रविधिक वा फर्मबाट वार्षिक कम्तिमा १ लाख दाना पूर्व मूल बीउआलु उत्पादन गर्न सक्ने क्षमता भएको टिस्युकल्चर प्रयोगशाला र स्कीन हाउस को डिजाईन (कम्तीमा ४०० बर्ग मी. को स्कीन हाउस) वा टिस्युकल्चर प्रयोगशाला र स्कीन हाउस सुदृढीकरणको डिजाईन र लागत अनुमान तयार भईसकेको ।

(ङ) टिस्युकल्चर प्रयोगशाला स्थापना र संचालन वा टिस्युकल्चर प्रयोगशाला र स्कीन हाउस सुदृढीकरणको लागि आबश्यक प्राबिधिकको व्यवस्था भएको ।

(च) टिस्युकल्चर प्रयोगशाला स्थापना र संचालन वा टिस्युकल्चर प्रयोगशाला र स्कीन हाउस सुदृढीकरणको कार्य योजना भएको र लागत अंश व्यहोर्न सक्ने क्षमता भएको ।

**७. निर्देशक समितिको गठन व्यबस्था :**

अनुदानका लागि पेश हुन आएका प्रस्तावहरुको छनौट र सो संबन्धी अन्य व्यबस्थाका लागि देहाय बमोजिमको निर्देशक समिति गठन गरिने छ । यस कार्यविधि अनुरुप अनुदान संबन्धी नीति निर्णय र आएका समस्या निराकरण गर्ने काम यसै समितिको हुने छ ।

(क) प्रमुख, राष्ट्रिय आलु बाली विकास कार्यक्रम - अध्यक्ष
(ख) बरिष्ठ कृषि इन्जिनियर, कृषि इन्जिनियरिङ्ग निर्देशनालय - सदस्य
(ग) बरिष्ठ तरकारी विकास अधिकृत, तरकारी बिकास निर्देशनालय - सदस्य
(घ) वैज्ञानिक, राष्ट्रिय आलु बाली अनुसन्धान कार्यक्रम - सदस्य
(ङ) कानुन अधिकृत, कृषि विभाग - सदस्य
(च) लेखा अधिकृत, राष्ट्रिय आलु बाली विकास कार्यक्रम - सदस्य
(छ) बरिष्ठ आलुवाली विकास अधिकृत, राष्ट्रिय आलु बाली विकास कार्यक्रम - सदस्य सचिव

यस समितिले उपयुक्त देखेको अन्य पदाधिकारी वा व्यक्तिलाई बैठकमा आमन्त्रित गर्न सक्ने छ ।

**८. निर्देशक समितिको काम, कर्तव्य र अधिकार**

(क) यस कार्यविधिको अनुसूची १ को मूल्यांकन फर्मेट अनुरुप प्राप्त प्रस्तावहरुको मूल्यांकन र अध्ययन गरि प्रस्ताव स्विकृत ⁄ अस्विकृत गर्ने ।
(ख) स्वीकृत प्रस्तावहरुलाई स्वीकृत वजेटको परिधिभित्र अनुदान उपलब्ध गराउन स्वीकृति दिने ।
(ग) संचालित कार्यको अनुगमन गरी कार्यान्वयनका संबन्धमा मार्गदर्शन दिने र प्राविधिक सेवा समेत प्रदान गर्ने ।
(घ) अनुदान रकमको हिसाब पेश नगर्ने वा सदुपयोग नगर्ने उद्यमीलाई कारबाहीका लागि सिफारिस अघि बढाउने ।
(ङ) अनुदानका लागि पेश हुन आएका प्रस्तावहरुको मूल्यांकन गर्न र सो संबन्धी अन्य कार्य गर्न आवश्यक देखेमा निर्देशक समितिले मुल्याकंन एवं प्राबिधिक समिति गठन गरि काम, कर्तव्य र अधिकार समेत तोकी कार्यदेश दिने ।
(छ) आबश्यक देखेमा समितिले फिल्ड भेरिफिकेशन समेत गर्न सक्ने छ ।

## परिच्छेद ३
## अनुदान रकम स्वीकृति र संझौता

९. दफा (७) बमोजिम गठित निर्देशक समितिले यस कार्यबिधि बमोजिम टिस्युकल्चर प्रयोगशाला स्थापना र संचालन गर्न वा टिस्युकल्चर प्रयोगशाला तथा स्कीन हाउस सुदृढिकरण गर्न अनुदान स्वीकृती दिनेछ ।

१०. टिस्युकल्चर प्रयोगशाला निर्माण र संचालन, स्कीन हाउस निर्माण, उपकरणहरु तथा रसायनको लागि लागत अनुमानको ५० प्रतिशत वा रु १ करोडमा कन्टीन्जेन्सी बापत रकम कटाई जुन रकम कम हुन्छ सोही रकम अनुदान दिइने छ भने टिस्युकल्चर प्रयोगशाला तथा स्कीन हाउस सुदृढिकरणका लागि लागत अनुमानको ५० प्रतिशत वा रु २० लाखमा कन्टीन्जेन्सी बापत रकम कटाइ जुन रकम कम हुन्छ सोही रकम अनुदान दिइनेछ ।

११. अनुदान प्राप्त हुने रकमको अधिकतम २.५(साढे दुई) प्रतिशत रकम कन्टिन्जेन्सी बापत राख्नुपर्नेछ । सो रकम सुचना प्रकाशन, स्टेशनरी, अनुगमन, बैठक भत्ता आदिमा खर्च गरिने छ ।

१२. निर्देशक समितिबाट स्वीकृति प्राप्त भए पछि सोका आधारमा कार्यक्रम प्रमुखले उद्यमीसंग अनुसुची ५ अनुसारको प्रतिवद्धता लिई थप Negotiation गरी अनुसुची ६ बमोजिमको संझौता गरी कार्यादेश दिने छ ।

## परिच्छेद ४
## अनुदान रकम उपलब्ध गराउने र खर्च गर्ने विधि

### १३. अनुदान प्रवाह बिधि

(क) प्रस्तावकले साझेदार लागत बराबरको निर्माण तथा खरीद कार्य गरिसके पछि निर्माण कार्यको बिल र स्वीकृत कार्य सम्पन्न प्रतिवेदनको आधारमा रकम भुक्तानी गरिने छ ।

(ख) उद्यमीले मेशिन उपकरण जडान र रसायन खरीद गरेकोमा इन्जिनियरिङ्ग प्रतिवेदन र स्थलगत अनुगमन रिपोर्ट अनुरुप रकम उपलब्ध गराइने छ ।

(ग) कार्यक्रमले प्रत्येक किस्ता अनुदान रकम एकाउण्ट पेयी चेक मार्फत उपलब्ध गराउनेछ ।

(घ) यस कार्यविधि अनुरुप उपलब्ध हुने अनुदान सम्बन्धी अभिलेख कार्यक्रमले राख्नेछ ।

(ङ) टिस्युकल्चर प्रयोगशाला स्थापना गर्न निजी क्षेत्रलाई अनुदान उपलब्ध गराउने कार्यको अवधी २ बर्षको हुनेछ र टिस्युकल्चर प्रयोगशाला तथा स्कीन हाउस सुदृढिकरण कार्यको अवधी १ बर्षको हुनेछ (अनुसूचि ६ )

### १४. उद्यमीले पालना गर्नुपर्ने अन्य कुरा :

(क) उद्यमीले यस कार्यविधि अनुसार निर्माण हुने कामको विवरण, लागत, सम्पन्न अवधि इत्यादीको होर्डिङ बोर्ड निर्माण स्थलमा राख्ने व्यवस्था गर्नुपर्ने छ ।

(ख) यस कार्य विधिअनुरुप अनुदान प्राप्त गर्ने उद्यमीले कार्य निर्माण इन्जिनियर बाट निरीक्षण एवं सम्पन्न कामको मेजरमेन्ट बुक राखी बील बनाउने व्यवस्था गर्नु पर्नेछ ।

(ग) सम्पन्न काम र खर्चको प्रतिवेदन चौमासिक रुपमा कार्यक्रममा पठाउनु पर्नेछ ।

(घ) कार्य संचालनका क्रममा कृषि विकास मन्त्रालय,कृषि विभाग, तरकारी विकास निर्देशनालय तथा रा.आ.वा.वि.कार्यक्रम लगायत जिल्लास्थित कार्यालयहरुबाट दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

(ङ) नेपाल सरकारले चाहेमा जुनसुकै बखत उद्यमीको निर्माण र संचालन कार्यको हिसाव सम्बन्धी किताव हेर्न सक्नेछ । हिसाव देखाउनु सम्वन्धित उद्यमीको दायित्व हुनेछ ।

## परिच्छेद ५
## अनुगमन र विविध

### १५. अनुगमन व्यवस्था

(क) अनुदान प्राप्त टिस्युकल्चर प्रयोगशाला स्थापना र संचालन तथा टिस्युकल्चर प्रयोगशाला तथा स्कीन हाउस सुदृढिकरण कार्यको अनुगमन कृषि विकास मन्त्रालय, कृषि विभाग लगायत तरकारी विकास निर्देशनालय, क्षेत्रीय कृषि निर्देशनालय, राष्ट्रिय आलुवाली विकास/अनुसन्धान कार्यक्रमले संयुक्त वा आवश्यकता अनुसार छुट्टा छुट्टै पनि गर्नेछन ।

(ख) उपदफा (क) बमोजिम भएको अनुगमन र निर्देशन लिखित अभिलेख / प्रतिवेदन कार्यक्रमले सुरक्षित राख्नु पर्ने छ ।

(ग) उपदफा (क) बमोजिम लिइएको निर्देशन पालना गर्नु उद्यमीको कर्तव्य हुनेछ ।

## १६.उत्पादन, बितरण र गुणस्तर नियन्त्रण

(क) अनुदान प्राप्त उद्यमीले कम्तीमा ५ बर्ष अबिछिन्न रुपमा पूर्व मूल बीउआलु उत्पादन गर्नु पर्ने छ ।

(ख) राष्ट्रिय आलुवाली विकास/अनुसन्धान कार्यक्रमवाट पूर्व मूल बीउआलु उत्पादनको निरीक्षण र प्रयोगशाला परिक्षण गरेर बेच्न योग्य प्रमाणित भए पछि मात्र राष्ट्रिय आलुबाली बिकास कार्यक्रमको समन्वयमा बिक्री बितरण गर्नु पर्ने छ ।

(ग) उत्पादित पुर्वमुल बीउआलुको निरीक्षण, प्रमाणीकरण लगायतका अन्य व्यवस्था बीउ बिजन ऐन, २०४५ बमोजिम हुने छन । (अनुसूचि ७)

## १७. मूल्य निर्धारण

टिस्युकल्चर प्रयोगशाला स्थापना र संचालन तथा टिस्युकल्चर प्रयोगशाला तथा स्कीन हाउस सुदृढिकरण कार्य गरी उद्यमीले आलुवाली विकास कार्यक्रमको समन्वयमा मात्र पूर्व मूल बीउआलुको उत्पादन गर्नुपर्ने छ र उत्पादित पूर्व मूल बीउआलुको मूल्य निर्धारण निम्नानुसारको समितिले गर्ने छ । उक्त समितिबाट मूल्य निर्धारण भए बमोजिम मात्र मूल्य लिई राष्ट्रिय आलुवाली विकास कार्यक्रमको समन्वयमा मात्र बिक्री बितरण गर्नु पर्ने छ ।

| | |
|---|---|
| (क) बरिष्ठ आलुवाली बिकास अधिकृत, राष्ट्रिय आलु बाली विकास कार्यक्रम | संयोजक |
| (ख) प्रतिनीधि, राष्ट्रिय आलु बाली अनुसन्धान कार्यक्रम | सदस्य |
| (ग) उद्यमी वा निजको प्रतिनिधि | सदस्य |
| (घ) सम्वन्धित जि.कृ.वि.का.का वागवानी विकास अधिकृत वा प्रमुखले तोकेको प्रतिनिधि | सदस्य |
| (ङ) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि | सदस्य |

## १८. कारबाहीको व्यवस्था

(क) सम्झौता अनुरुप काम नगर्ने उद्यमीलाई निर्देशक समितिले अनुदान रोक्का राख्न सक्नेछ ।

(ख) यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाईएमा वा रकमको हिसाव नबुझाएमा त्यस्ता उद्यमीलाई प्रचलित ऐन नियम बमोजिम कारबाही गरी असुल उपर गरिनेछ ।

## १९. बाधा अड्चन निरुपण, खारेजि एवं संशोधन

(क) यस कार्यविधि कार्यान्वयनमा केही बाधा व्यवधान आईपरेमा वा विवाद उत्पन्न भएमा सोको निरुपण निर्देशक समितिले गर्नेछ ।

(ख) यस कार्यविधि कृषि विकास मन्त्रालयले आवश्यकता अनुसार संशोधन तथा खारेज गर्न सक्नेछ ।

## अनुसूचि १(क)

### टिस्युकल्चर प्रयोगशाला स्थापना र संचालनको लागि अनुदान रकम उपलब्ध गराउने मूल्यांकन फारम

**१. टिस्युकल्चर प्रयोगशाला र स्कीनहाउस स्थापना गर्ने जग्गाको क्षेत्रफल सम्बन्धी व्यवस्था: ( १० अंक)**

(क) जग्गाको क्षेत्रफल प्रशस्त भएको । (१० अंक)
(ख) जग्गाको क्षेत्रफल पर्याप्त भएको । ( ८ अंक)

**२. टिस्युकल्चर प्रयोगशाला र स्कीनहाउस स्थापना को लागि आवश्यक पूर्वाधार सम्बन्धी व्यवस्था: (१५ अंक)**

(क) सडक र बिजुलीको सुविधा भएको वा हुन सक्ने (१५ अंक)
(ख) बिजुलीको सुविधा भएको तर सडक नभएको/हुन नसक्ने (१० अंक)

**३. टिस्युकल्चर प्रयोगशाला र स्कीनहाउसको डिजाइन, साइज र उपयुक्तता ( १५ अंक)**

(क) उपयुक्त (१५ अंक)
(ख) अपर्याप्त (१० अंक)
(ग) अनुपयुक्त (० अंक)

**४. आलु उत्पादन क्षेत्रसँग सामान्जस्यमा संचालन हुन सक्ने संभावना ( ५ अंक)**

(क) उत्पादन पकेटमा नै स्थापना हुने (५ अंक)
(ख) बजार केन्द्रको नजिकमा स्थापना हुने (४ अंक)
(ग) उत्पादन पकेट र बजार केन्द्र भन्दा टाढा स्थापना हुने (३ अंक)

**५. टिस्युकल्चर प्रयोगशाला र स्कीनहाउस स्थापनाको प्रस्तावको आर्थिक क्षमताको अवस्था ( १५ अंक)**

(क) व्यहोर्नु पर्ने लागत अंश व्यहोर्ने सक्षम भएको पर्याप्त आधार देखिएको (१५ अंक)
(ख) व्यहोर्नु पर्ने लागत अंश व्यहोर्ने सम्भाव्य देखिएको ( १० अंक)
(ग) व्यहोर्नु पर्ने लागत अंश व्यहोर्ने सम्भाव्य नदेखिएको (० अंक)

**६. उत्पादन योजना र उत्पादन सम्भाव्यताको अवस्था (१० अंक)**

(क) दुई भन्दा बढी सिजन/वालीहरु उत्पादन गर्ने योजना (१० अंक)
(ख) दुइ सिजन /वालीहरु उत्पादन गर्ने योजना (८ अंक)
(ग) एक सिजन /वाली उत्पादन गर्ने योजना (६ अंक)

**७. जनशक्तिको अवस्था (१० अंक)**

(क) उपयुक्त (१० अंक)
(ख) अपर्याप्त (६ अंक)
(ग) अनुपयुक्त (० अंक)

**८. टिस्युकल्चर प्रयोगशालामा आवश्यक उपकरणहरु ( १५ अंक)**

(क) उपयुक्त/पर्याप्त (१५ अंक)
(ख) उपयुक्त/अपर्याप्त (१० अंक)
(ग) अनुपयुक्त (० अंक)

**९. स्थलगत निरिक्षण एवं प्रमाणिकरण ( ५ अंक)**

## अनुसूचि १(ख)

**टिस्युकल्चर प्रयोगशाला तथा स्कीन हाउस सुदृढिकरण कार्यको लागि अनुदान रकम उपलब्ध गराउने मूल्यांकन फारम**

**१. टिस्युकल्चर प्रयोगशाला तथा स्कीन हाउस सुदृढिकरणगर्ने जग्गाको क्षेत्रफल सम्बन्धी व्यवस्थाः (१० अंक)**

(क) जग्गाको क्षेत्रफल प्रसस्त भएको । (१० अंक)

(ख) जग्गाको क्षेत्रफल प्रर्याप्त भएको । ( ८ अंक)

**२. टिस्युकल्चर प्रयोगशाला तथा स्कीन हाउसले हाल बार्षिक उत्पादन गरिरहेको अवस्थाः (१० अंक)**

(क) १ लाख दाना भन्दा बढी उत्पादन भइरहेको (१० अंक)

(ख) १लाख दाना भन्दा कम उत्पादन भइरहेको (६ अंक)

(ग) उत्पादन नभएको (२ अंक )

**३. टिस्युकल्चर प्रयोगशाला तथा स्कीन हाउस सुदृढिकरण गर्ने संस्थाको जग्गाको स्वामित्वः (१० अंक)**

(क) जग्गाको स्वामित्व आफ्नै नाममा भएको (१० अंक)

(ख) जग्गाको स्वामित्व १० वर्ष भन्दा बढीको लीजमा भएको (८ अंक )

(ग) जग्गाको स्वामित्व १० वर्ष भन्दा कम अवधिको लिजमा भएको (५ अंक)

**४. टिस्युकल्चर प्रयोगशाला तथा स्कीन हाउस सुदृढिकरणको डिजाइन, साइज र उपयुक्तता (२५ अंक)**

(क) उपयुक्त (२५ अंक)

(ख) अपर्याप्त (१५अंक)

(ग) अनुपयुक्त (० अंक)

**५. आलु उत्पादन क्षेत्रसँग सामान्जस्यमा संचालन हुन सक्ने संभावना (५ अंक)**

(क) उत्पादन पकेटमा नै स्थापना भएको (५ अंक)

(ख) बजार केन्द्रको नजिकमा स्थापना भएको (४ अंक)

(ग) उत्पादन पकेट र बजार केन्द्र भन्दा टाढा स्थापना भएको (३ अंक)

**६. टिस्युकल्चर प्रयोगशाला तथा स्कीन हाउस सुदृढिकरण प्रस्तावको आर्थिक क्षमताको अवस्था (१५ अंक)**

(क) व्यहोर्नु पर्ने लागत अंश व्यहोर्ने सक्षम भएको पर्याप्त आधार देखिएको (१५ अंक)

(ख) व्यहोर्नु पर्ने लागत अंश व्यहोर्ने सम्भाव्य देखिएको (१० अंक)

(ग) व्यहोर्नु पर्ने लागत अंश व्यहोर्ने सम्भाव्य नदेखिएको (० अंक)

**७. उत्पादन योजना र उत्पादन सम्भाव्यताको अवस्था (१० अंक)**

(क) दुई भन्दा बढी सिजन/वालीहरु उत्पादन गर्ने योजना (१० अंक)

(ख) दुइ सिजन /वालीहरु उत्पादन गर्ने योजना (८ अंक)

(ग) एक सिजन / बाली उत्पादन गर्ने योजना ( ६ अंक)

**८. जनशक्तिको अवस्था (१० अंक)**

(क) उपयुक्त (१० अंक)

(ख) अपर्याप्त (६ अंक)

(ग) अनुपयुक्त (० अंक)

**९.स्थलगत निरिक्षण एवं प्रमाणिकरण** **(५ अंक)**

## अनुसूची - २

# टिस्युकल्चर प्रयोगशाला स्थापना र संचालन गर्न वा टिस्युकल्चर प्रयोगशाला र स्कीन हाउस सुदृढीकरण गर्न निजी क्षेत्रलाई अनुदान दिने सम्बन्धमा प्रस्ताव आव्हानको सूचना

## सूचना । सूचना ।। सूचना ।।।

यस कार्यक्रमको आर्थिक बर्ष २०...../..../.... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **टिस्युकल्चर प्रयोगशाला स्थापना र संचालन** र **टिस्युकल्चर प्रयोगशाला र स्कीन हाउस सुदृढीकरण** कार्यक्रम रहेको हुँदा ईच्छुक कम्पनीहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन भित्र राष्ट्रिय आलुबाली विकास कार्यक्रममा तोकिएको ढाँचा (अनुसूचि ३) अनुसारको कागजातहरु संलग्न राखी आवेदन एवं प्रस्ताव आब्हान गरिन्छ । प्रस्ताव राष्ट्रिय आलुबाली विकास कार्यक्रम तथा सम्वन्धित जिल्लाको जिल्ला कृषि विकास कार्यालयमा वुझाउन सकिने छ । थप जानकारीको लागि राष्ट्रिय आलुबाली विकास कार्यक्रम, खुमलटार वा सम्वन्धित जिल्ला कृषि विकास कार्यालयमा सम्पर्क गर्न सक्नु हुनेछ ।

## अनुसूचि ३

# टिस्युकल्चर प्रयोगशाला स्थापना र संचालन गर्न वा टिस्युकल्चर प्रयोगशाला र स्कीन हाउस सुदृढीकरण गर्न निजी क्षेत्रलाई अनुदानका लागि आवेदन फारम

श्री राष्ट्रिय आलुबाली विकास कार्यक्रम, खुमलटार, ललितपुर ।

हाम्रो फर्म/कम्पनीबाट ................ गा.वि.स./न.पा., ...............जिल्ला अन्तर्गत.................स्थानमा **टिस्युकल्चर प्रयोगशाला स्थापना र संचालन गर्ने /टिस्युकल्चर प्रयोगशाला र स्कीन हाउस सुदृढीकरण** गर्ने लक्ष रहेकोले सो का लागि लागत अनुमान रु.................... मध्ये रु. ...................... हाम्रै संस्थाबाट व्यहोरी बाँकी रु. .................. अनुदान पाउने व्यवस्थाका लागि निवेदन गर्दछु/गर्दछौं ।

**संलग्न कागजातहरु**

१. रु. १० को टिकट टांसेको अनुसूची ३ अनुसारको आवेदन ।

२. नेपाली नागरिकताको प्रतिलिपि ।

३. संस्था/कम्पनी दर्ता तथा नवीकरण भएको र स्थायी लेखा नम्बर लिएको कागजको प्रतिलिपि ।

४. जग्गाको लालपुर्जाको प्रतिलिपि ।

५. संलग्न हुने प्राबिधिकहरुको व्यक्तिगत बिबरण ।

६. टिस्युकल्चर प्रयोगशाला र स्कीनहाउसको(मेशिनरी सहित) निर्माण/सुदृढीकरणको डिजाईन तथा लागत अनुमान ।

७. टिस्युकल्चर प्रयोगशाला र स्कीनहाउस निर्माण/सुदृढीकरण गर्न कार्य तालिका ।

८. संस्था/कम्पनीमा हाल रहेको नगद मौज्दातको प्रमाण र लगानीका श्रोतहरुको आधार ।

९. सडक/बिजुली रहे नरहेको विवरण ।

१०. उत्पादन कार्ययोजनाको बिबरण (अनुसुची ४ बमोजिमको) ।

११. सेवा पुऱ्याउने व्यवसायीक क्षेत्रहरु ।

१२. निकट व्यवसायीक कृषकहरुको यस आयोजनामा कस्तो सहभागिता रहने हो सोको विवरण ।

१३. सम्बन्धित जिल्ला कृषि बिकास कार्यालयको शिफारिश पत्र ।

निवेदक

................................फर्म / कम्पनी

.........................................

फर्म / संस्थाको छाप

## अनुसूची - ४
## कार्य योजना (प्रस्ताव)का सक्षिप्त ढाँचा

१. कम्पनीको नाम र ठेगानाः

२. परियोजनाको क्षेत्रफल

३. टिस्युकल्चर सम्बन्धी तालिम लिएको भए

(क) तालिमको बर्ष ................... (ख) अबधि ................. (ग) प्रदान गर्ने संस्था .......................

४. प्रयोगशाला, स्कीनहाउस, प्रयोगशाला उपकरणहरुको विवरण/टिस्युकल्चर प्रयोगशाला र स्कीन हाउस सुदृढीकरण गर्ने भएमा सो को विवरण

(क) प्रयोगशाला र स्कीनहाउस

| क सं | **बिवरण** | क्षमता/आकार | संख्या | अनुमानित लागत (रू.) |
|---|---|---|---|---|
| | | | | |
| जम्मा | | | | |

(क) उपकरण र मेसिनरिहरु

| क सं | **बिवरण** | क्षमता/आकार | संख्या | अनुमानित लागत (रू.) |
|---|---|---|---|---|
| | | | | |
| जम्मा | | | | |

५. संलग्न हुने जनशक्तिको विवरण

| क सं | विवरण | संख्या | योग्यता | खर्च हुने रकम (रू.) |
|---|---|---|---|---|
| १ | प्रयोगशाला संचालन | | | |
| २ | स्कीनहाउस सचालन/प्राबिधिक रेखदेख | | | |
| ३ | सुरक्षा | | | |

६. बार्षिक पूर्व मूल बीउआलु/अन्य वालीहरुको उत्पादन अनुमान

| बर्ष | विवरण | इकाई | परिमाण | अनुमानित बिक्रिदर (रू.) | अनुमानित आय ( रू.) |
|---|---|---|---|---|---|
| | | | | | |
| जम्मा | | | | | |

७. नयाँ सोंच केही भए उल्लेख गर्नुहोस
..............................................................
...........................................................

**प्रस्तावकको**

संस्थाका नाम | संस्थाको छापः

ठेगाना

दस्तखतः

मितिः

नोटः प्रस्तुत संक्षिप्त ढाँचाको आधारमा बिस्तृत रुपमा प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ।

## अनुसूची - ५
## प्रतिबद्धता-पत्र

राष्ट्रिय आलुबाली विकास कार्यक्रमको मिति २०७..../....../...... को सूचना अनुसार **टिस्युकल्चर प्रयोगशाला स्थापना र संचालन/टिस्युकल्चर प्रयोगशाला र स्कीन हाउस सुदृढीकरण** गरी पूर्व मुल बीउआलु उत्पादन गर्न ईच्छुक भई सो कार्यक्रममा सहभागिताको लागि कार्ययोजना सहितको आवेदन पेश गरेको छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्ने गरी घटीमा ५ (पाँच) बर्ष सम्म निरन्तरता दिनेछु/छौं । कार्ययोजना अनुसारको कार्य नगरेमा वा ५ (पाँच) बर्ष भन्दा अगावै सो कार्यहरू बन्द गरेमा नेपाल सरकारबाट प्राप्त अनुदान रकम फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं अन्यथा ऐन कानुन बमोजिम सहुंला/बुझाउंला । साथै सन्चालित कृयाकलापबाट वातावरणलाई असर नपुऱ्याउने प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं । इतिसम्बत २०७...../......../.......गते रोज ...... शुभम् ।

संस्थाको नामः
वतनः
दस्तखतः

मितिः

संस्थाको छापः

| दाँया | बाँया |
|---|---|
| | |

अनुसूची - ६

# सम्झौता-पत्र

१. यो सम्झौता पत्र राष्ट्रिय आलुबाली विकास कार्यक्रम (प्रथम पक्ष) र सम्बन्धित उद्यमी (दोश्रो पक्ष) बीच **टिस्युकल्चर प्रयोगशाला स्थापना र संचालन /टिस्युकल्चर प्रयोगशाला र स्कीन हाउस सुदृढीकरण** कार्यको लागि प्रयोग हुनेछ।

२. सम्झौता भएको मितिदेखि यस सम्झौता प्रारम्भ भएको मानिनेछ।

३. दोश्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ दिनभित्र शुरु गर्नुपर्नेछ।

४. **टिस्युकल्चर प्रयोगशाला स्थापना र संचालन** कार्यका लागि प्रथम पक्षले दोश्रो पक्षलाई आयोजनाको प्रकृति अनुसार बढीमा ५ किस्तामा सम्झौता बमोजिमको रकम उपलब्ध गराउनु पर्नेछ। आयोजनाको लागि स्विकृत अनुदान रकम मध्ये प्रथम बर्ष बढीमा ५० % (३ किस्ता) र दोश्रो बर्ष ५० % (२ किस्ता) रकम उपलब्ध गराउनु पर्नेछ। प्रथम किस्ता भुक्तानीका लागि दोश्रो पक्षले कम्तिमा १५ प्रतिशत सम्मको प्रारम्भिक कार्य पुरा गरेको हुनुपर्नेछ। कम्तिमा ३० प्रतिशत कार्य भए पछी दोश्रो किस्ता, कम्तिमा ५० प्रतिशत कार्य भए पछी तेश्रो किस्ता, कम्तिमा ७० प्रतिशत कार्य भए पछी चौथो किस्ता र १०० प्रतिशत कार्य भए पछी अन्तिम किस्ता रकम उपलब्ध गराउन पर्ने छ।

५. **टिस्युकल्चर प्रयोगशाला र स्कीन हाउस सुदृढीकरण** कार्यका लागि प्रथम पक्षले दोश्रो पक्षलाई आयोजनाको प्रकृति अनुसार बढीमा ३ किस्तामा सम्झौता बमोजिमको रकम उपलब्ध गराउनु पर्नेछ। प्रथम किस्ता भुक्तानीका लागि दोश्रो पक्षले कम्तिमा २५ प्रतिशत सम्मको प्रारम्भिक कार्य पुरा गरेको हुनुपर्नेछ। कम्तिमा ६० प्रतिशत कार्य भए पछी दोश्रो किस्ता र १०० प्रतिशत कार्य भए पछी अन्तिम किस्ता रकम उपलब्ध गराउन पर्ने छ।

६. अनुदान प्राप्त हुने रकमको अधिकतम २.५(साढे दुई) प्रतिशत रकम कन्टिन्जेन्सी बापत पहिलो पक्षले प्रयोग गर्ने छ।

७. किस्ता भुक्तानी गर्दा सम्बन्धित निर्देशक समिति वा मूल्याङ्कन समितिको सिफारिसको आधारमा रकम भुक्तानी गरिनेछ। दोश्रो पक्षले कार्य गर्दा सम्बन्धित निर्देशक समितिको निर्देशन अनुसार कार्य गर्नु पर्नेछ।

८. अन्तिम किस्ता भुक्तानी गर्ने सम्बन्धमा निर्देशक समिति वा मूल्याङ्कन समितिले मूल्याङ्कन गरी अन्तिम बील सहितको सम्पन्न प्रतिवेदन तयार गरी दोश्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ र प्रथम पक्षले सम्पूर्ण प्रतिवेदन तथा बीलहरु प्राप्त भएको १५ दिन भित्र भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ।

९. **टिस्युकल्चर प्रयोगशाला स्थापना र संचालन** कार्यका लागि प्रस्तुत कृयाकलापहरु २ वर्ष भित्र सम्पन्न गर्नुपर्नेछ भने **टिस्युकल्चर प्रयोगशाला र स्कीन हाउस सुदृढीकरण कार्यको** कृयाकलापहरु १ वर्ष भित्र सम्पन्न गर्नुपर्नेछ।

१०. दोश्रो पक्षले निर्माण कार्यको सार्वजनिक सुनुवाई गर्नुपर्नेछ।

| | |
|---|---|
| ……………………… | ………………………… |
| प्रथम पक्षका तर्फबाट | दोश्रो पक्षका तर्फबाट |
| नाम: | नाम : |
| पद : | पद : |
| संस्थाको नाम र छाप: | फर्म /संस्थाको नाम र छाप: |

अनुसूची - ७

# बीउविजन ऐन २०४५